नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्ड: ५ संख्या : २ दल्ली जाजरकोट

मिति: २०७८।९।२४

भाग÷४

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७८

सम्वत् २०७८ सालको कार्यविधि नं. २

कार्यपालिकाबाट पारित मिति: २०७८।०१।२३

**प्रस्तावना :** नलगाड नगरपालिका भित्रका स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिको जिम्मेवारी रहेको र स्वास्थ्य संस्थाको व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची ८ को अधिकारलाई कार्यान्वयन गर्न नलगाड नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ को दफा ३९ को उपदफा (२) बमोजिम नलगाड नगर कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

परिच्छेद १

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम नलगाड नगरपालिकाको "आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले नलगाड नगरपालिकाको आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७८ लाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले नलगाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ग) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका सामुदायिक स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(च) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(छ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नलगाड नगरपालिकामा गठित आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको अनुगमन गर्न बनेको अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ज) "नगरपालिका" भन्नाले नलगाड नगरपालिकालाई सम्झनुपर्छ ।

(झ) "कार्यपालिका" भन्नाले नलगाड नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ञ) "कार्यपालिकाको कार्यालय" भन्नाले नलगाड नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ट) प्रमुख प्रशासकीय अधिकृत भन्नाले नलगाड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

## परिच्छेदः २

## आधारभूत सामुदायिक स्वास्थ्य सेवा ईकाईको स्थापना

३. **आधारभूत सामुदायिक स्वास्थ्य सेवा ईकाईको स्थापनाः** (१) नगर कार्यपालिकाले स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था नरहेका, बढी जनसंख्या भई साबिकका स्वास्थ्य संस्थाबाट सेवा लिन कठिन भएका, भौगोलिक विकटता, नक्सांकन, मानव विकास सूचांक र सडक संजालसँगको



नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पहुँचलाई आधार मानी प्रशासन, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा भएको आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) नगरपालिकाले स्वीकृत गरेको लागत अनुमान तथा भवन डिजाईनको परिधि भित्र रही आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गर्नुपर्नेछ ।

(३) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य भवन मिर्माण संहिता तथा सार्वजनिक खरिद सम्वन्धी कानुनको पालना हुने गरी निर्माण गर्नुपर्नेछ ।

४. **आधारभूत सामुदायिक स्वास्थ्य सेवा सञ्चालन :** (१) नगरपालिकाले आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रबाट सेवा प्रवाहको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको सञ्चालनको लागि नगरपालिकाले आवश्यक बजेटको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सेवा सञ्चालन गर्दा खोप, परिवार नियोजन, गर्भवती एवम् शिशु जाँच, साधारण प्रसुती, नवजात शिशु सेवा, पोषण, नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिङ्ग, औषधी वितरण, स्वास्थ्य प्रवर्द्धन, सामान्य उपचार लगायतका स्वास्थ्य सेवा तथा प्राथमिक उपचारका आधारभूत उपकरणहरुको समुचित व्यवस्था नगरपालिकाले गर्नुपर्नेछ ।

(४) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न नभए सम्म सेवा प्रवाहका लागि आवश्यक पर्ने न्यूनतम २ कोठा नगरपालिकाले व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेदः ३

## आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको व्यवस्थापन सम्बन्धी व्यवस्था

५. **आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र अनुगमन समितिको गठन र काम कर्तव्य अधिकार :** (१) नगरपालिका भित्रका आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरुको रेखदेख र अनुगमन गर्न नगरपालिकामा ऐन बमोजिम एक आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र अनुगमन समिति गठन हुनेछ । समितिको काम कर्तव्य र अधिकार ऐनले तोके बमोजिम हुनेछ ।

६. **आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति :** (१) नगरपालिका भित्रका आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरुको सञ्चालन तथा व्यवस्थापन गर्न प्रत्येक आधारभूत सामुदायिक स्वास्थ्य सेवा ईकाइमा एक आधारभूत

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ । समितिमा देहायका पदाधिकारी हुनेछन ।

(क) नगर प्रमुख - संरक्षक

(ख) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र रहेको वडाको वडा अध्यक्ष - अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येवाट एकजना - उपाध्यक्ष

(घ) सम्वन्धित वडाका प्रधानाध्यापक/शिक्षक मध्येवाट एकजना महिला - सदस्य

(ङ) समितिले मनोनित गरेको महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येवाट एकजा - सदस्य

(च) सम्वन्धित वडाको वडा सचिव - सदस्य

(छ) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठकमा निम्न क्षेत्रको अनिबार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ ।

(क) दलित, जनजातिबाट एक जना

(ख) अपांग, अशक्त वा जेष्ठ नागरीकबाट एक जना

(ग) किशोर किशोरीहरुको तर्फबाट एक जना

(३) उपदफा (१) बमोजिम गठित आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकाको कार्यालयमा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्गनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्वन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरुको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्वन्धित निकायहरुमा समन्वय तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) तोकिए वमोजिम अन्य कार्य गर्ने ।

नगर कार्यपालिकाको कार्यालय
नलगाड नगरपालिका
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

७. **आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिने:** (१) कुनै आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र अनुगमन समितिले कारण सहित नगर कार्यपालिकाको कार्यालयमा सिफारीस गरेमा प्रमुख प्रशासकीय अधिकृतले आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८. **बैंक खाता संचालन :**(१) आधारभूत सामुदायिक *स्वास्थ्य सेवा केन्द्रले "क"* वर्गको वाणिज्य वैंकमा वैंक खाता खोल्नु पर्नेछ ।

(२) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको वैंक खाता आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखापरीक्षण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद: ४

## जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था

९. **जनशक्तिको व्यवस्थापन:** नगरपालिका भित्रका आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको सेवा प्रवाहका लागि नगरपालिकाले करार सेवामा स्वास्थ्यकर्मीहरु व्यवस्था गर्नेछ ।

१०. **जनशक्तीको दरवन्दी निर्धारण र नियूक्ति:** (१) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रको सेवा प्रवाहको लागि हेल्थ असिस्टेण्ट वा अ.हे.व. १ जना, स्टाफ नर्स वा अ.न.मी. १ जना र कार्यालय सहयोगी १ जना गरी जम्मा ३ जनाको दरबन्दी हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

(२) उपदफा (१) बमोजिमको स्वीकृत दरबन्दीमा प्रचलित कानुन बमोजिम करार सेवामा स्वास्थ्यकर्मी/कर्मचारीहरु लिई कामकाजमा खटाईनेछ ।

(३) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा कायम भएको रिक्त दरवन्दीमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था गर्न देहाय वमोजिमको छनौट समिति हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) नलगाड नगरपालिकाले तोकेको एक जना विज्ञ – सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

(४) वैठक तथा छनौट सम्वन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **सेवा सुविधाः** करार स्वास्थ्यकर्मीलाई प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेदः ५

## कार्यसम्पादन करार सम्झौता, पुरस्कार र दण्ड सम्बन्धी व्यवस्था

१२. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(क) नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने शाखा प्रमुखसँग,

(ख) शाखाका शाखा प्रमुखले आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रका प्रमुखहरुसँग,

(ग) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रका प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्li, जाजरकोट कर्णाली प्रदेश, नेपाल

१३. **कार्यसम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः** (१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय कार्यपालिका कार्यालयले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ६
## औषधी तथा स्वास्थ्य उपकरण सम्बन्धी व्यवस्था

१४. **औषधी तथा स्वास्थ्य उपकरण सम्बन्धी व्यवस्था :** (१) आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रलाई आवश्यक औजार उपकरण, औषधी र मसलन्द सामग्रीहरु नगरपालिकाले उपलब्ध गराउनेछ ।

(२) नगरपालिकाबाट प्राप्त गरेको औजार उपकरण र औषधीको आम्दानी तथा खर्च प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेदः ७
## विविध

१५. **प्रगति विवरण पेश गर्नुपर्नेः** नगरपालिका क्षेत्रभित्र सञ्चालित आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रले मासिक, चौमासिक र अर्धवार्षिक रुपमा सम्बन्धित शाखामा र वार्षिक रुपमा सम्बन्धित शाखा र नगरपालिका समक्ष प्रगति विवरण बुझाउनु पर्नेछ ।

१६. **संसोधन :** यस कार्यविधिका प्रावधानहरु कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

१७. **बचाउ र लागू नहुनेः** (१) यो कार्यविधिमा कार्यान्वयनमा आउनु भन्दा अगाडी भए गरेका काम कारवाहीहरु यसै बमोजिम हुनेछ र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।